परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ४१ पृष्ठ ४ २०८२ मंसिर १६ गते, मंगलबार 2 December, 2025 मूल्य रु. ५/-


हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## जनमतको उम्मेदवार बन्न ३०/३५ लाख खर्च गर्न सक्ने शत

● टक नेपाल

प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फ उम्मेदवार बन्न जनमत पार्टीले ३०/३५ लाख रुपैयासम्म खर्च गर्न सक्ने शर्त राखेका छन् । जनमतले प्रत्यक्ष तथा समानुपातिक उम्मेदवार बन्न चाहनेहरूका लागि खुल्ला गरेको आवेदनमा प्रत्यक्षतर्फ उम्मेदवार बन्न इच्छुक व्यक्ति निर्वाचन आयोगको सीमाभित्र रहेर ३०/३५ लाख रुपैयाँसम्म खर्च गर्न सक्षम हुनुपर्ने जनमतको सर्त छ।

जनमत पार्टीका उपाध्यक्ष वसन्तकुमार कुशवाहाका अनुसार आयोगले तोकेको खर्च सीमाअनुसार कम्तीमा ३०/३५ लाख रुपैयाँ खर्च गर्न सक्षम हुनुपर्ने मापदण्ड बनाइएको हो । 'प्रत्यक्षतर्फ उम्मेदवार हुँदा निर्वाचन खर्चका लागि तोकिएको मापदण्ड बमोजिमको ३० देखि ३५ लाख रुपैयाँसम्म खर्च गर्न सक्षम व्यक्ति हुनुपने छ,' कुशवाहाले लोकान्तरसँग भने, 'त्यति रकम यदि बैंकमा छ भने बैंक स्टेटमेन्ट देखाए हुन्छ । किन भने निर्वाचनमा लाग्ने खर्च उसले कम्तीमा आफैं व्यहोर्ने व्यक्ति हुनुपर्छ ।' उक्त रकम निर्वाचन प्रचार प्रसार समितिमा निर्वाचन अघि नै जम्मा गर्नुपर्ने सर्त समेत जनमतले राखेको छ।



यसबाहेक समानुपातिकतर्फको उम्मेदवारका लागि पनि पार्टी र प्रत्यक्षतर्फको उम्मेदवारको चुनावमा प्रचार प्रसार तथा आर्थिक सहयोग गरेको हुनुपर्ने सर्त जनमतको छ । समानुपातिक उम्मेदवार ७७ वटै जिल्लाको भोटबाट निर्वाचित हुने भएकाले पार्टीको निर्देशन बमोजिम अन्य जिल्लामा प्रचार प्रसार गतिविधिमा खटिनुपर्ने र सो अनुसारको गाडी खर्च, खाने बस्ने तथा प्रचार प्रसार सामग्री खर्च व्यवस्थापन समानुपातिक उम्मेदवार आफैंले जोहो गर्नुपर्ने सर्त पनि जनमतले राखेको छ।

समानुपातिक उम्मेदवारका लागि खर्च सीमा तोकिएको छैन । जनमत पार्टीले आवेदन माग गर्दा पार्टीको सदस्यता लिएको भए सदस्यता शुल्क बुझाएको हुनुपर्ने, अन्य पार्टीमा आबद्ध भए सो पार्टीको नाम तथा पद खुलाउन भनेको छ। त्यसैगरी, विगतमा कुनै निर्वाचनमा भाग लिएको भए सोको विवरण, राजनीतिक पृष्ठभूमि, जित्ने आधार, जित्ने रणनीति, अरूले सिफारिस गरेको भए सिफारिस गनेको विवरणसहित आवेदन दिन पार्टीले आग्रह गरेको छ।

पार्टीले तोकेको मापदण्ड पूरा गरेका सम्भावित निवेदकहरूबाट छनोट गरी पार्टीको केन्द्रीय कार्यकारिणी समिति/सचिवालय समितिले अन्तिम उम्मेदवारको नाम घोषणा गरिने जनमतले जनाएको छ।

## नयाँ इतिहास लेख्न अब युवाहरू उठ्नु पर्छ : अध्यक्ष यादव



● टक नेपाल

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले देशको नयाँ इतिहास लेख्न युवाहरुलाई आह्वान गरेका छन् ।

आइतवार समाजवादी यूवा संघ, नेपालद्वारा जनकपुरधाममा आयोजित युवा नेतृत्व र सशक्तिकरण सम्मेलनमा सम्बोधन गर्दै अध्यक्ष यादवले नेपालको नयाँ इतिहास लेख्न यवाहरु अघि आउनुपर्नेमा जोड दिए । उनले विभिन्न देशहरुको उदाहरण दिँदै भने 'युवाहरुकै कारणले त्यहाँ ठूलो परिवर्तन आएको छ, अब मधेशका युवाहरुलाई पनि देशमा परिवर्तनका लागि अघि फ्रन्टलाईनमा आउनुपर्छ । उनले शिक्षा र रोजगार हाम्रो अधिकार भन्ने नारालाई अवलम्बन गर्दै युवाहरुलाई संगठित हुन आग्रह गर्दै भने जबसम्म युवाहरु सामाजिक कार्यदेखि विकास निर्माणमा र ाजनीतिक रुपले अघि बढदैन तबसम्म देशको विकास र समृद्धि छैन ।

अध्यक्ष यादवले युवाहरुलाई अब हुने चुनावमा सहभागी हुन आग्रह गरे । उनले चुनावमा सहभागी भएर आफ्नो मतको प्रयोग गरी भ्रष्टाचार र भ्रष्टाचारीलाई जडैदेखि उखालेर फ्यालेर देखाउन आग्रह गरे । उनले कम्युनिष्ट र कंग्रेसले ३५ वर्षदेखि देशमा कुनै विकास नगरेको आरोप लगाउदै भने 'कंग्रेस र कम्युनिष्टकै रवैयाहसंग आजित भएर नेपालमा जेनजी आन्दोलन निम्तियो, अब पनि सचेत भएन भने देश कुन मोडमा जाने हो त्यसको परिकल्पना गर्न सकिदैन ।

भ्रष्टाचार रोक्न निर्वाचन प्रणालीलाई व्यवस्थित गर्न आवश्यक रहेको सुझाव दिँदै भने चुनावमा जति खर्च कम हुन्छ त्यतिनै भ्रष्टाचार कम हुन्छ । भ्रष्टाचार रोक्न कर्मचारीहरुको तलव पनि न्यून रहेकोले त्यसमा राज्यले विचार नगरेसम्म नियन्त्रण गर्न सकिदैन भन्नेमा जोड दिए ।

## ४ वर्षपछि एनआरएनए एकजुट, १० बुँदे सहमति

● टक नेपाल

करिब चार वर्षदेखि विवादमा रहेका गैरआवासीय नेपाली संघ (एनआरएनए) को अलग-अलग कार्यसमितिका नेतृत्व गरेका अध्यक्ष बद्री केसी र महेशकुमार श्रेष्ठ पक्षले प्रधानमन्त्री सुशीला कार्कीको उपस्थितिमा आइतबार १० बुँदे एकतासम्बन्धी सहमतिपत्रमा हस्ताक्षर गरेका छन्। एनआरएनमा १ माघ २०७८ देखि विवाद हुँदै आएको थियो। सहमतिमा दुवै पक्षले एकअर्का नेतृत्वको कार्यसमितिलाई स्वीकार गरेका छन्। दुवै पक्षबीच आउँदो १७ अप्रिलभित्र एकता महाधिवेशनका रूपमा १२ औं महाधिवेशन गर्ने सहमति भएको छ। एकता महाधिवेशनलाई पारदर्शी र विश्वसनीय बनाउन ११ सदस्यीय स्टेरिङ कमिटी गठन गरिएको छ। स्टेरिङ कमिटीका सदस्य भने महाधिवेशनमा उम्मेदवार बन्न पाउने छैनन्। ' महासचिव गौरीराज जोशी र बाबुराम लामालाई पूर्ण अधिकार दिने गरी एक अलग सिस्टम म्यानेजमेन्ट कमिटी गठन गर्ने' सहमतिपत्रमा उल्लेख छ। विगतका परिस्थितिका कारण विभिन्न अध्यक्षहरूको नेतृत्वमा बनेका समितिहरू (डा. बद्री केसी, कुल आचार्य, रविना थापा, विनोद कुँवर र राजेन्द्रकुमार शर्मा) लाई पूर्वकार्यसमितिका रूपमा अभिलेखित गर्न दुवै पक्ष सहमत भएका छन्। सहमतिपछि गत मे ३-४ मा पूर्वअध्यक्ष शेष घलेको संयोजकत्वमा गठित उच्चस्तरीय समितिद्वारा आयोजित एकता महाधिवेशनबाट निर्वाचित श्रेष्ठ नेतृत्वको कार्यसमितिले बालुवाटारस्थित एनआरएनएको सचिवालयमा प्रवेश पाएको छ। त्यस्तै श्रेष्ठ पक्षले १७-२० अक्टोबर २०२३ मा सम्पन्न एघारौं महाधिवेशनबाट निर्वाचित केसी नेतृत्वको कार्यसमितिलाई पनि आधिकारिक रूपमा स्वीकार गरेको छ। यसअघि दुवै पक्षले आधिकारिकतामाथि प्रश्न उठाउँदै सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए, जुन अझै किनारा लागिसकेको छैन।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न ोगहरुको विशेषज्ञ डाक्टहरुद्वाा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### बुढीगण्डकी : कमजोर इच्छाशक्तिले पिल्सिएको आयोजना

बुढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजनाले वर्षौंदेखि अतुलनीय ढंगले सार्वजनिक चर्चा र चासो पाइरहेको छ। यस आयोजनाको निर्माण कार्य सम्पन्न भएपछि मुलुकले पाउने लाभको जुन हिसाबकिताब गरिएको छ, त्यसका आधारमा यसले अधिक प्राथमिकता पाएर निर्माण कार्य सम्पन्न भइसक्नुपर्ने थियो।

लाभ लिने चरण सुरु भइसक्नुपर्ने थियो। तर, लगानीको मोडालिटी (ढाँचा) मै अल्झिएका कारण आयोजना निर्माणको चरणतर्फ अघि बढ्न सकेको छैन। परिणामतः आर्थिक वर्ष २०६८/६९ को बजेट वक्तव्यदेखि निरन्तर सरकारको कागजी प्राथमिकतामा परे ठोस प्रगति भने जग्गा अधिग्रहण गरी मुआब्जा वितरणमा मात्रै सीमित भएको छ।

हुन त यो आयोजनालाई सरकारले राष्ट्रिय गौरवको आयोजना घोषणा गरेको छ, यथार्थमा भने राष्ट्रिय हँस्सीमजाकको आयोजना बनेको छ। यो यस्तो आयोजना बनेको छ, जसले हाम्रा विकास परियोजनाहरू कसरी अलपत्र पर्छन्, रुग्ण बन्छन् भनेर नमुनाको काम गरेको छ। यो स्थितिलाई अन्त्य गर्नका लागि सरकारले आयोजना निर्माणका लागि उपयुक्त मोडालिटी तय गर्दै निर्माणको चरणमा प्रवेश गरिहाल्न अपरिहार्य छ।

आर्थिक वर्ष २०६८/६९ को बजेट वक्तव्यमा सरकारले यस आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयारीका लागि बजेट विनियोजन गरेको थियो। त्यतिबेला आयोजनालाई तीन वर्षभित्र कार्यान्वयनको चरणमा पुऱ्याइने भनिएको थियो। फेरि आर्थिक वर्ष २०८३/८४ मा आयोजना सम्पन्न गर्ने लक्ष्य लिँदै २०६९/७० मा राष्ट्रिय गौरवका आयोजनाका रूपमा सुरु पनि गरिएको थियो। २४ चैत २०७९ मा बसेको मन्त्रिपरिषद् बैठकले आयोजना कम्पनी मोडलमा स्वदेशी लगानीबाटै बनाउने निर्णय गरेको थियो। जसअनुसार, २१ असार २०७९ मा सरकारको अधिकांश सेयर स्वामित्व रहने गरी कम्पनी स्थापना भएको छ। यी सबै उतारचढावका बीच १२०० मेगावाटको आयोजना निर्माण कार्यले प्रस्ट दिशा पाएको छैन। परिणामतः यस आयोजनाबाट मुलुकले लाभ पाउला भन्ने आशासमेत शंकाको घेरामा परेको छ। यसो हुनुको कारण हो, आयोजनाको लगानी मोडालिटी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय हुँदै अर्थ मन्त्रालयमै अड्किनु। यतिबेला फेरि स्वदेशी लगानीमा निर्माण गर्ने गरी लगानी मोडालिटी तयार गरिएको छ। नेपाल विद्युत् प्राधिकरणको सेयर निष्कासन गर्ने, ऊर्जा बन्ड जारी गर्ने, बैंक तथा वित्तीय संस्थाबाट ऋण लिने, सरकारले सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने, पेट्रोलियम पदार्थमा लगाउँदै आएको पूर्वाधार करबाट संकलित रकम, वैदेशिक रोजगारीमा रहेका तथा गैरआवासीय नेपाली र आमसर्वसाधारणलाई सेयर निष्कासन गरी आयोजनामा लगानी जुटाउने प्रस्ताव गरिएको छ। २ अर्ब ७७ करोड डलर (करिब ३ खर्ब ७४ अर्ब रुपैयाँ) आधारभूत लागत हुने आयोजनाको निर्माण अवधि ८ वर्ष छ। निर्माण अवधिको ब्याज ३२ अर्बसहित आयोजनाका लागत ४ खर्ब ६ अर्ब रुपैयाँ छ।

निर्माण अवधिको ब्याजसहित कुल लागतका आधारमा कर्जा र स्वपुँजी (इक्विटी) अनुपात ७० र ३० प्रतिशत रहने गरी मोडालिटी तयार गरिएको छ। आयोजनाको प्रवर्द्धक बुढीगण्डकी कम्पनी लिमिटेडमा सरकारको ८० र प्राधिकरणको २० प्रतिशत सेयर स्वामित्व रहनेछ। कम्पनीको बोर्डबाट लगानीको मोडालिटी ऊर्जा मन्त्रालय पुगेको र ऊर्जा मन्त्रालयले अर्थ मन्त्रालयमा सहमतिका लागि पठाउनेछ। सहमति पाएपछि ऊर्जाबाट मन्त्रिपरिषद्मा पेस हुने र प्रस्तावित लगानीको ढाँचा स्वीकृत भएमा आयोजना निर्माणतर्फ अघि बढ्नेछ। एक दशकभन्दा लामो उतारचढावले प्रस्ट पार्छ- बुढीगण्डकी आयोजना चर्चामा प्राथमिकतामा परे पनि यसलाई निर्माण गरिहाल्ने इच्छाशक्ति र हुटहुटीमा भने प्राथमिकतामा परेन। जबकि, देशले गम्भीरतापूर्वक प्रयत्न गर्ने हो भने एउटा आयोजना कुनै पनि ढंगबाट सम्पन्न गर्न सकिन्थ्यो। राज्यले बजेट जुटाउनै नसक्ने भन्ने हुँदैन। तर कागजी चर्चा र भाषणबाजीमा मात्रै सीमित भइरहँदा यति ठूलो आयोजनाको निर्माण सम्पन्न गरी लिन सकिने लाभ लिन पाइएको छैन। त्यसबाट बढ्न सक्ने राष्ट्रिय आत्मविश्वास र अनुभव पनि गुमेको छ।

किनकि, कुनै पनि ठूलो आयोजना सफलतापूर्वक सम्पन्न हुने हो भने त्यसबाट प्राप्त हुने लाभ मात्रै होइन, आयोजना निर्माण गर्ने आत्मविश्वास पनि प्राप्त हुन्छ। त्यसले अन्य आयोजनाको निर्माणका लागि आँट गर्न सकिन्छ। बुढीगण्डकीबाट विद्युत् मात्रै होइन, रोजगारी, व्यवसाय, पर्यटन हब, माछापालन, तल्लो तटीय लाभ लिन सकिने अवस्था पनि छ।

निर्माण कार्य सुरु नहुँदा लाभ लिने सम्भावना पनि धकेलिएको छ। समय बित्दै जाँदा यसको लागत पनि बढ्दै गइरहेको छ। मूलतः मानिसमा सरकारी योजनाप्रतिकै विश्वास कमजोर भएको छ। त्यसैले अब धेरै घुमिरहन र अलमलमा परिरहन जरुरी छैन। यस आयोजनालाई उपयुक्त मोडलद्वारा निर्माणको चरणमा अघि बढाउनुपर्छ र समयमै सम्पन्न गरेर लाभ लिनुपर्छ।

# रोशनी मृत्यु प्रकरणमा श्रीमान पक्राउ

● टक नेपाल



रोशनी झा मृत्यु प्रकरणमा उनका श्रीमान प्रशान्त मिश्रलाई प्रहरीले पक्राउ गरेको छ। जनकपुरधाम उपमहानगरपालिका ४ कटैया चौरीमा ससुराली भएकी रोशनीको मृत्यु प्रकरणमा उत्पन्न आशंकालाई दृष्टिगत गर्दै प्रहरीले प्रशान्तलाई आइतवार पक्राउ गरेको हो।

शंकास्पद मृत्यु भएकी रोशनीका ससुराली पक्षले कहिले आत्महत्या गरेको, त कहिले भऱ्याङ्गबाट लडेको भन्ने अस्पष्ट अभिव्यक्ति दिदैं आएका छन भने माइती पक्षले हत्या गरिएको भनी आरोप लगाउँदै न्यायका लागि गुहार गर्दै आएको छ। गत बिहीबार राति रोशनी भऱ्याङबाट लडेको भन्दै उनका श्रीमानले जनकपुरधामस्थित गोदावरी अस्पतालमा उपचारका लागि भर्ना गर्न लगेका थिए। तर अस्पताल पुगेपछि चिकित्सकले मृत घोषणा गरेको स्थानीयको भनाई छ। उता माइती पक्षले सोधखोज गर्दा पासो लगाई आत्महत्या गरेको भनी ससुराली पक्ष पन्छिन खोजेका थिए। तर माइत पक्षले शवको प्रकृति हेरेपछि घाँटी थिचेर हत्या गरेको आरोप लगाउँदै तीन दिनदेखि न्यायका लागि प्रहरीमा गुहार लगाउँदै आएको थियो। प्रहरीले कुनै सुनुवाई नगरेपछि स्थानीयको सहयोगमा चौतर्फी दबावपछि आइतवार जिल्ला प्रहरी कार्यायलय धनुषाका एसपी रुगमबहादुर कुँवरको स्थलगत निरिक्षणपछि रोशनीका ससुरा रुद्रनारायण मिश्रलाई पक्राउ गरिएको थियो। पछि अनुसन्धान गर्दै जाँदा घटनामा ससुराको संलग्नता नदेखिएपछि उनलाई रिहा गरेर पर्साहीबाट श्रीमान प्रशान्तलाई पक्राउ गरिएको जिप्रका धनुषाका डिएसपी गणेश बम भट्टले बताएका छन्। उनले भने 'घटनास्थलबाट मृतकका ससुरा रुद्रनारायणलाई पक्राउ गरिएपनि अनुसन्धानमा उनी घटनाको दिन काठमाण्डू रहेको कारण संलग्नता नदेखिएपछि रिहा गरिएको हो।' तर श्रीमान प्रशासन्तको प्रत्यक्ष संलग्नता प्रारम्भिक अनुसन्धानमा देखिएपछि पैतृक गाउँ पर्साहीबाट पक्राउ गरिएको हो।

निरिक्षण पश्चात एसपी रुगमबहादुर कुँवरले घटनास्थल निरीक्षण पश्चात संचारकर्मीसँग कुरा गदै भने मृतकको घाँटीमा निलडाम देखिएको हो। तर हत्या हो वा आत्महत्या अनुसन्धानपछि भन्न सकिनेछ।

प्रहरी आफै घटनास्थलको निरिक्षण गरेर आरोपितलाई पक्राउ गरेपनि हालसम्म जाहेरी दर्ता नगरेको आरोप पीडित पक्ष रोशनीका मामा पंकज झाले लगाएका छन्। उनले भने 'हामी दर्जनौको सहभागितामा जाहेरी दर्ता गराउन जिप्रका पुग्यो, तर प्रहरीले पोष्टमार्टम रिपोर्ट नआएको भनी जाहेरी राखेर दर्ता गरेका छैन।' पीडितको आरोप बारे डिएसपी भट्टले जाहेरी लिई मिसिलमा राखेर सोही आधारमा अनुसन्धान गरिसकेको बताएका छन। तर पीडित पक्षले आरोपित पक्षले मूल प्रमाण नष्ट गरिसकेको छ र बांकी प्रमाण पनि नष्ट पार्ने भनेर जाहेरी दर्ता गरी तत्काल अनुसन्धान अघि बढाउन माग गरेका छन्।

# मधेस प्रदेश सरकार गठन विवाद मुद्दाको सुनुवाइ सकियो

● टक नेपाल

मधेस प्रदेश सरकार गठन विवाद मुद्दामा सुनुवाइ सकिएको छ। मुख्यमन्त्री सरोजकुमार यादवको नियुक्ति र शपथविरुद्धको रिटमा सोमबार सर्वोच्च अदालतका न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र नित्यानन्द पाण्डेको संयुक्त इजलासमा सुनुवाइ भएको थियो। बिहीबारदेखि सुरु भएको अन्तिम सुनुवाइ नसकिएपछि हेर्दाहेर्दैमा राखिँदै आएको थियो। मुख्यमन्त्री नियुक्तिविरुद्ध दुई वटा सार्वजनिक सरोकारका र मधेस प्रदेश कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवसहित ७४ जना प्रदेशसभा सदस्यहरूले रिट दर्ता गरेका थिए। तीन वटै रिटमा सर्वोच्चले अन्तरिम आदेश जारी गरिसकेको छ।



सांस्कृतिक सम्पदाहरूको संरक्षण गरौं,
पर्यटनलाई प्रवर्द्धन गरौं।

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ–मन्दिर, ऐतिहासिक दरबार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन् । त्यस्ता स्थलहरु गौरव मात्र नभई आर्थिक समृद्धिको स्रोत पनि हुन् । यसको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो सबैको दायित्व हो ।

त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरूमा फोहोर नगरौं । ऐतिहासिक तथा दुर्लभ सम्पदाहरूको क्षति हुन नदिन सजग रहौं । स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौं । हाम्रा प्रदेशका स्थलहरूमा आउने पर्यटकहरूसँग मैत्रीपूर्ण व्यवहार गरौं । पर्यटक हाम्रा पाहुना हुन् । स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौं ।

एकडारा गाउँपालिका
महोत्तरी, मधेश प्रदेश

# युवाहरूको माग– प्रवासी नेपालीलाई मताधिकार

● टक नेपाल



भनिन्छ, निर्वाचन भनेको लोकतन्त्रको मेरुदण्ड हो। देशमा लोकतन्त्र चलायमान गराउने महाकुम्भ हो। मुलुक हाँक्ने प्रतिनिधि छनोट गर्ने अवसर हो। जेन-जी विद्रोहपछि २१ फागुनमा चुनाव गर्ने कार्यादिश र जनादेश अन्तरिम सरकारलाई रहेको छ। निर्वाचनमा जतिसक्दो धेरै युवा सामेल हुन् भन्ने आशयले मतदाता नामावलीमा नाम लेखाउने म्यादसमेत सरकारको आग्रहमा निर्वाचन आयोगले थपेको थियो, जसअनुसार ८ लाख ३७ हजार ९४ जनाले नामावली दर्ताका लागि निवेदन दिएका थिए।

देशमा निर्वाचनको माहोल बनेको छ। सरकारमा बसेर निरंकुश चरित्र देखाएका पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको पार्टी एमालेले दल दर्ता गरेको छ। यसको स्वागत गरौं। यद्यपि केही एमालेजन अझै संसद् भवन पुनःस्थापना हुनुपर्ने दिवा सपना देख्दै छन्।

जेन-जी विद्रोहपछि आगामी निर्वाचनमा विदेशमा रहेका नेपाली नागरिकलाई मताधिकार हुने कि नहुने सर्वत्र चासोको विषय बनेको छ। एक अध्ययन अनुसार विदेशमा बसेर भोट हाल्न नपाउने धेरै नागरिक भएको सूचीमा नेपाल २०औं देशमा पर्छ।

हालसम्म १४१ देशले आफ्ना नागरिकको चुनावी अधिकार सुरक्षित गर्न विभिन्न तरिका अपनाएको देखिन्छ। अमेरिकाले पृथ्वीभन्दा बाहिर पुगेका आफ्ना अन्तरिक्ष यात्री नागरिकलाई निर्वाचनका लागि भोट हाल्न पाउने व्यवस्था गरिसकेको छ। एक सय ६० वर्ष पहिले नै अमेरिकाभन्दा बाहिर रहेका नागरिकले भोट हाल्न पाउने व्यवस्था गरेको थियो। अन्तरिम सरकारलाई यसपालि कम्तीमा सुरुवात नै गर्न भए पनि पाइलट प्रोजेक्टका रूपमा यो व्यवस्था गर्नुपर्ने बाध्यतासमेत देखिन्छ। विदेश गएका नेपालीको नोटचाहिँ प्यारो तर भोटचाहिँ दिन नपाउने ? भन्दै प्रवासी नेपालीले असन्तुष्टि व्यक्त गरेको पाइन्छ। सरकारले हाल अध्यादेशमार्फत नै भए पनि प्रारम्भिक योजना अघि सारेको छ। सरकारको 'थिंक ट्र्यांक' नीति अनुसन्धान प्रतिष्ठानले समेत आफ्नो प्रतिवेदनमार्फत सरकारलाई सुझाव दिएको छ। यसै प्रसंगमा यो लेख केन्द्रित छ।

**किन दिने अधिकार ?**

लोकतन्त्रको प्राणवायु भनिने निर्वाचनमा सामेल हुन पाउनु हरेक नेपाली नागरिकको संवैधानिक अधिकार हो। २०७३ सालमा दर्ता भएको प्रेमचन्द्र राईविरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको रिट निवेदनमा सर्वोच्चले ७ चैत २०७४ मा निर्वाचनमा मतदान गर्न पाउने नागरिकको संवैधानिक र मानवअधिकारको पक्ष लिँदै निर्देशनात्मक आदेश दिएको थियो।

पूर्वाधार र आवश्यक कानुनको कमीले तत्काल परमादेश नै जारी नगरे पनि विदेशबाट आएको रेमिट्यान्सले राज्य लाभान्वित हुने तर उनीहरूलाई मतदानको अधिकारबाट वञ्चित गर्ने काम न्यायिक नभएको भन्दै सर्वोच्चले विभिन्न विधिमार्फत विदेशिएका नेपालीलाई निर्वाचनमा समेट्न सकिने र व्यावहारिक रूपमा कार्यान्वयन गर्न सकिने भन्दै सरकार र निर्वाचन आयोगको नाममा निर्देशनात्मक आदेश दिएको थियो।

अहिले सरकारमा प्रधानमन्त्री, गृहमन्त्री र कानुनमन्त्री आफैं न्याय पृष्ठभूमिको भएकाले कम्तीमा यो मामिलामा हामी मानवअधिकारका विद्यार्थीको आस भने छ। अहिले नेपालबाट अध्ययन, श्रम तथा रोजगारको सिलसिलामा ५० लाखभन्दा बढी नेपाली देशबाहिर रहेको भन्ने अनुमान छ।

रेमिट्यान्सले जीडीपीको तुलनामा करिब २६ प्रतिशत हारहारी योगदान गरे पनि विदेशमा रहेका नेपालीको राजनीतिक निर्णय प्रक्रियामा कुनै भूमिका भएको छैन। बाहिरिन परे पनि प्रवासी नेपालीले विदेशमै भएर पनि देशप्रति प्रेम देखाएर लगानी र पर्यटन भित्र्याउन सहयोग गरेका छन्। उनीहरूले मताधिकार पाउनु उचित हुन्छ।

यद्यपि, कसलाई मताधिकार दिने भन्नेमा आधिकारिक तथ्यांक नै निकाल्नुपर्ने देखिन्छ, जुन हामीसँग छैन। राष्ट्रिय जनगणना, २०७८ अनुसार भारतबाहेक अन्य देशमा २१ लाख ९० हजार ५९२ जना नेपाली रहेको भनिए पनि ठ्याक्कै तथ्यांक उपलब्ध छैन। जे-जस्तो भए पनि कुल जनसंख्यामध्ये विदेशमा ३० प्रतिशतभन्दा बढी नेपाली रहेको मानिन्छ।

प्रवासी नेपालीमा विद्यार्थी, श्रमको स्वीकृति लिई जाने श्रमिक र विदेशमा नेपालीको सेवामा खटिएका नेपाली राजदूतावासका कूटनीतिक कर्मचारीलाई मतदान अधिकार दिनमा प्राथमिकता दिन सकिन्छ। विगतमा पटक-पटक अध्ययन भएर पनि राजनीतिक दलको अनिच्छाका कारणले हुन नसकेको यो विषय यसपालि भने समय कम नै भए पनि नेपाली कम भएको कुनै देशमा उदाहरणका रूपमा लागू गर्न अग्रसरता देखाउनुपर्छ।

मतदान प्रतिशत बढाउन आन्तरिक तयारी

देशभित्रै पनि अध्ययन, जागिर र अन्य विभिन्न कारणले आफ्नो निर्वाचन क्षेत्र जान नसकेकालाई समेत आफ्नै ठाउँबाट समानुपातिकतर्फ भए पनि मताधिकार दिने व्यवस्था गर्नु आवश्यक छ।

निर्वाचन आयोगका अनुसार तीन वर्षअघि २०७९ मा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा ६१ प्रतिशत मतदान भएको थियो। त्यो निर्वाचनमा एक करोड ७९ लाख ८८ हजार पाँच सय ७० मतदाताले संघीय र प्रादेशिक तहको नेतृत्व छान्दै थिए भने २२ लाख ९४ हजार १९ जना मतदाता (१२ प्रतिशत) पहिलो पटक सहभागी भएका थिए।

२०७९ मै भएको स्थानीय तहको निर्वाचनमा राजधानी काठमाडौंमै ५२ प्रतिशत मत खसेको थियो भने हुम्लामा ७९.४ प्रतिशत मत खसेको थियो। निर्वाचन खर्च ७ अर्ब रुपैयाँ भएको देखिन्छ। २०७० मंसिर ४ गते भएको चुनावमा ७८.७४ प्रतिशत जनताले उत्साहपूर्वक मतदान गरेको र त्यसैको फलस्वरूप २०७२ असोज ३ मा संविधान बनेको अवस्थामा त्यसपछिको चुनावमा भने उल्लेख्य प्रतिशत बढ्नुको सट्टा झन् घट्दो क्रममा छ।

# नेपाल एयरलाइन्सका चालक दलका सदस्य दोहा एयरपोर्टमा पक्राउ

● टक नेपाल

नेपाल एयरलाइन्सका चालक दलका सदस्य सन्देश तिवारी सुन तस्करीको आरोपमा दोहामा पक्राउ परेका छन् । सुन तस्करीको आरोपमा उनलाई दोहा प्रहरीले नियन्त्रणमा लिएको हो ।  पक्राउ परेसँगै तिवारीलाई तीन महिनाको लागि निलम्बन गरिएको बताइएको छ। तिवारीबाट आठ तोला सुन बरामद गरिएको प्रहरीले जनाएको छ । उक्त घटना नोभेम्बर २९ मा भएको हो । उडान नम्बर आरए २४० दोहाबाट काठमाडौं आइपुग्ने तालिका थियो। दोहा विमानस्थल भन्सार जाँचका क्रममा तिवारीमा आठ तोला सुन भेटिएको जनाइएको छ । यसका कारण उडान लगभग ३५ मिनेटको लागि रोकिएको थियो । नेपाल एयरलाइन्सका दोहा स्टेसन म्यानेजर कृष्ण बजगाईंले यसको पुष्टि गरे।

नेपाल एयरलाइन्सका प्रवक्ता अर्चना खड्काले भने यो विषयमा आधिकारिक रूपमा आफूलाई जानकारी नभएको बताइन् । 'मलाई आधिकारिक रूपमा यसबारे जानकारी छैन,' उनले भनिन्, 'आधिकारिक नभई मैले बोल्न मिल्दैन ।'






# मधेश भवन सुनसान !




● टक नेपाल

प्रदेशको राजनीतिक अस्थिरताले गर्दा मधेश सरकारको विकास निर्माण कार्य ठप्प भएको छ । सरकार गठनको प्रक्रियाले देखिएको अस्थिरताले विकास निर्माणको कार्य ठप्पले सेवाग्राहीको आवागमनमा आएको कमीले सरकारको प्रमुख प्रशासनिक केन्द्र मधेश भवन समेत सुनसान रहेको छ।

सरकार गठन प्रक्रियाको विवादले मन्त्रालयहरूमा मन्त्रीदेखि उच्च ओहदाका कर्मचारीहरू बस्ने नगरेकाले तल्लो तहका कर्मचारीहरू कोही बस्ने गरेका छैनन् । मधेश भवनस्थित मन्त्रालयका कर्मचारीहरुका अनुसार सचिवहरु कार्यालयमा बस्दैनन्, अधिकृत स्तरका कर्मचारीहरू हाजिर गरेर कार्यालय बाहिर जाने गरेका छन् । तल्लो तहका कर्मचारीहरु मात्र बस्ने गरेकाले आइतवार उच्च ओहदाका कर्मचारीहरुको कक्षमा ताल्चा लगाइएको र अधिकृत स्तरका कर्मचारीहरुको कुर्सीहरू खाली नै देखियो ।

गृह मन्त्रालयका एक कर्मचारीका अनुसार अहिले कार्यालय संचालनको प्रशासनिक काम मात्र भइरहेको छ । पीएलएमबीएस पनि बन्द र मन्त्री नभएकाले योजनातर्फको कुनै कामै भइरहेको छैन, त्यसले गर्दा काम गराउने सेवाग्राही नै आउँदैनन् । फाटफुट रुपमा केही सेवाग्राहीहरू कामका लागि आएपनि सचिव र अधिकृत नभेटिंदा तिनीहरु फर्केर जाने गरेका छन । मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेट कार्यान्वयन गर्नु पर्ने बेलामा दुई महिनाको अवधिमा दुई वटा सरकार परिवर्तन भइसकेको छ ।


अहिले तेश्रो मुख्यमन्त्री सरोज यादवको नियुक्तिको विषयमा विवाद हुँदा सरकारको काम नै ठप्प छ । नियुक्ति सम्बन्धी विवादमा सर्वोच्च अदालतमा मुद्दा जारी रहेको छ । सरकारलाई पनि सर्वोच्च अदालतले दीर्घकालीन असर पर्ने कुनै पनि निर्णय नगर्न अन्तरिम आदेश दिइसकेकाले सेवाग्राहीहरू कमै मात्रामा मन्त्रालयमा आउने गरेका छन् ।

सोमवार अदालतको फैसला आउने सम्भावना रहेको छ । बजेट ल्याएका जनमत पार्टीका नेता सतिश कुमार सिंह नेतृत्वको सरकारले विश्वासको मत पाउन नसकेपछि सात दलको नेतृत्वमा लोसपाका नेता जितेन्द्र सोनारको नेतृत्वमा बनेको सरकारले पनि विश्वासको मत पाउने अवस्था नदेखेपछि आफै राजीनामा दिएका थिए ।

मधेश प्रदेश तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले कार्तिक २९ गते नेपालको संविधानको धारा १६८ को उपधारा ३ अनुसार मधेश प्रदेश सभामा रहेका सबैभन्दा ठूलो दलका नेता सरोज कुमार यादवलाई मुख्यमन्त्रीमा नियुक्त गरेर दुईजना मन्त्रीको शपथ गराएपछि सरकार गठन नै विवादमा परेको छ ।

यी कारणले गर्दा मधेश प्रदेशमा बढेको राजनीतिक अस्थिरताको असर प्रशासनिक केन्द्र मधेश भवनमा परेको देखिन्छ । भौतिक पूर्वाधार विकास, ऊर्जा, सिचाई तथा खानेपानीसहितका केही मन्त्रालय जेनजी आन्दोलनको क्रममा जलाइएको कारण पनि ती मन्त्रालयहरुको काम पूर्ण रुपमा सुचारु हुन नसक्दा सेवाग्राहीको उपस्थिति न्यून देखिएको छ ।

## दागी उम्मेदवारलाई फेरि पनि छेकबार छैन



● टक नेपाल

उम्मेदवारको योग्यतासम्बन्धी मापदण्डमा कडाइ नगरिँदा हरेक निर्वाचनमा विभिन्न अपराधका दोषी र अभियुक्त उम्मेदवार बन्ने र कतिपय निर्वाचित नै हुने गरेका छन् । नैतिक पतन देखिने विभिन्न फौजदारी अपराधका दोषी र अभियुक्तलाई रोक्न तयार पारिएको कानुनको मस्यौदा दुई वर्षदेखि गृह मन्त्रालयमै अलपत्र हुँदा आसन्न निर्वाचनमा पनि विभिन्न कसुरमा जोडिएका व्यक्ति उम्मेदवार बन्न पाउने भएका छन् । कानुन फितलो हुँदा 'गुन्डा नाइके' का रूपमा चिनिएका दीपक मनाङे भनिने राजीव गुरुङ ज्यान मार्ने उद्योगमा दोषी ठहर भए पनि २०७४ र २०७९ का दुवै प्रदेशसभामा मनाङ (२) बाट निर्वाचित भए । २०६१ मा गुन्डा नाइके मनाङेले चक्रे मिलन भनिने मिलन गुरुङलाई खुकुरी प्रहार गरी ज्यान लिने प्रयासको कसुरमा मुद्दा चलेकामा अदालतले कुटपिट कसुरमा मनाङेलाई २ वर्ष कैद सजाय तोकेको थियो । त्यसपछि सरकारी वकिल कार्यालय पुनरावेदनमा गएको थियो । तत्कालीन पुनरावेदन अदालतले जिल्लाको फैसला बदर गर्दै २०६९ मा मनाङेलाई कुटपिटमा नभई ज्यान मार्ने उद्योगमा दोषी ठहर गऱ्यो । त्यसपछि फरार सूचीमा रहेका मनाङे २०७४ र २०७९ का दुवै चुनावमा स्वतन्त्र उम्मेदवारी दिएर प्रदेश सांसद भए । उनी गण्डकी प्रदेशमा पटक-पटक मन्त्री पनि बने । कात्तिक २०८१ मा सर्वोच्चले तत्कालीन पुनरावेदनकै फैसला सदर गरिदिएपछि उनले सांसद पद गुमाए । अहिले उनी डिल्लीबजार कारागारमा सजाय भुक्तान गरिरहेका छन् ।
२५ भदौ २०७२ मा सशस्त्र प्रहरी सहायक निरीक्षक (असई) थमन विकको हत्या गरेको आरोपमा फरार रहेका व्यक्तिहरू चुनावमा भाग लिएर विजयी हुँदासम्म निर्वाचन आयोगले पत्तै पाएन । विकको हत्या आरोपमा एमाले नेता लक्ष्मी महतो कोइरीसहित २८ जनाविरुद्ध २७ फागुन २०७२ मै जिल्ला अदालत महोत्तरीमा मुद्दा चलेको थियो । जसपा नेता कौशल राय र लोसपा नेता अविराम शर्मा पनि यस मुद्दामा आरोपित थिए । प्रहरीले अनुसन्धान अघि बढाएपछि तीनै जना फरार बनेका थिए । पछि जिल्ला अदालतबाट २ असोज २०७६ मा महतो धरौटीमा छुटेका थिए । धरौटीमा छाड्ने जिल्लाको आदेश उच्च अदालत जनकपुरले १९ मंसिर २०७७ मा उल्टाउँदै पुर्पक्षमा थुनामा पठाउन भन्यो ।

फरार रहेकै बेला लोसपाका शर्मा २०७४ र २०७९ को चुनावमा महोत्तरी ३ (१) प्रदेशसभा सदस्य निर्वाचित बने । फरार अवस्थामै जसपाका राय पनि २०७४ मा महोत्तरी ४ (२) बाट प्रदेशसभा सदस्यमा विजयी बने । उनी २०७९ मा पनि त्यही निर्वाचन क्षेत्रबाट उम्मेदवार बनेका थिए तर पराजित भए । प्रहरी हत्या अभियोगमा फरार रहेकै बेला एमाले नेता महतो महोत्तरी १ बाट प्रतिनिधिसभा सदस्यमा विजयी बने । वारेसबाटै उम्मेदवार र वारेसबाटै प्रमाणपत्र बुझेका उनलाई २८ मंसिर २०८० मा जिल्ला अदालतले सफाइ दिइएको थियो । जन्मकैदको सजाय सुनाइएका शर्मा अहिले पनि फरार छन् । नेपाल प्रहरीका एसएसपीसहित पाँच प्रहरी र दुई सशस्त्र प्रहरी तथा एक अबोध बालकको हत्या हुने गरी भएको ७ भदौ २०७२ को टीकापुर प्रकरणका 'मुख्य योजनाकार' रेशम चौधरी तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा) बाट वारेसबाटै उम्मेदवारी दिएर २०७४ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा कैलाली १ बाट विजयी भए ।




बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014